# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
प्रदेश नं.२, नेपाल

प.सं.: २०७६/०७७ (कृषि)
च.नं. १४४२

मिति : २०७६/१०/१५

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
प्रदेश नं.२ नेपाल

श्री वडा कार्यालयहरु सबै
गोलबजार नगरपालिका, सिरहा।

**विषयः- सूचना पठाइएको बारे।**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७६/१०/१५ गते प्रकाशित भएको सूचना- १ (एक) थान यसै पत्रसाथ संलग्न राखी जानकारीको लागी पठाइएको छ। सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनहुन अनुरोध छ।

२०७६।१०।१५

**जयराम अधिकारी**
उप-सचिव

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गोलबज़ार, सिरहा
प्रदेश नं. २, नेपाल

प.सं.: २०७६/०७७ (कृषि)

प्रथम पटक प्रकाशित मिति : २०७६/१०/१५ गते ।

## सूचना

प्रस्तुत विषयमा गोलवज़ार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय गोलवजार, सिरहाको आ.व. २०७६/०७७ को नेपाल सरकार सशर्त अनुदान ( संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ) अन्तर्गत वार्षिक कार्यक्रम अनुसार सहकारी खेती, साना सिंचाई कार्यक्रम कृषक समुह, कृषि सहकारी संस्था, मार्फत संचालन गरीने भएकोले इच्छुक संस्थाहरुले आयोजना सम्बन्धि विस्तृत विवरण भरी मिति २०७६/११/१४ गतेसम्म यस कार्यालयमा प्रस्ताव पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**संलग्न राख्नु पर्ने कागजातहरु**

१.पूर्णरुपले भरेको आयोजना मांग निवेदन (प्रस्ताव पत्र) फाराम रु. १०। को हुलाक टिकट सहित ।
२.पछि फिर्ता नहुने गरी यस कार्यालयमा बुझाएको रु.१००। (एक सय)को राजश्व नगदी रसिद ।
३.आयोजना माँग सम्बन्धि संस्थाको निर्णयको प्रतिलिपी ।
४.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५.संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
६.सदस्यहरुको नेपाली नागरिकता प्रमाण पत्र स्वयं प्रमाणित गरेको प्रतिलिपी ।
७.आ.व.२०७५/०७६ को लेखा परीक्षणको प्रतिवेदन ।
८ आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
९.सधारण सभाको निर्णय प्रतिलिपी ।
१०.सिंचित हुने जग्गाहरुको क्षेत्रफल, कित्ता नं. तथा नक्सा ।
११.पान नं.दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
१२ निवेदक संस्था र गोलवजार नगरपालिकाले व्यहोर्ने रकम छुटिने गरी निवेदक संस्थाबाट तयार गरिएका मोटामोटी लागत विवरण ।

२०७६।१०।१५

जयराम अधिकारी
उप-सचिव